## अख्तियारले मात्रै...

'बदमासी गर्ने कर्मचारीलाई कारबाही गर्ने जिम्मेवारी आयोगको मात्रै होइन, सम्बन्धित निकायको पनि हो,उनले भने, 'तर, निजामती सेवा ऐन २०४९ जारी भएको ३० वर्ष बितिसक्यो । अहिलेसम्म १०० जना कर्मचारीलाई पनि सम्बन्धित निकायले स्पष्टीकरण सोध्ने तथा विभागीय कारबाही गर्न सकेको छैन ।' विभागीय प्रमुखले कर्मचारीमाथि कारबाही गर्दा र गर्न खोज्दा ट्रेड युनियनको दबाबमा कार्यालय प्रमुखको सरुवा हुने गरेको र कतिपय अवस्थामा कालोमोसोसमेत खानुपरेको उनले बताए ।

'हरेक निकायमा ट्रेड युनियन छ । यदि कार्यालय प्रमुखले विभागीय कारबाही गर्‍यो वा स्पष्टीकरण सोध्यो भने कालोमोसो दलिन्छ वा सरुवा भएर जान्छ ।'

यस्तै, ऐनमा अतिजटिल कामहरू र सहजै हुने विकासका काममा सोहीअनुसारको प्रावधान राख्नुपर्ने धारणा उनको थियो । उनले विकसित राष्ट्रमा विकासका नाममा बनेका गाइडलाइन नेपालको हकमा कार्यान्वयन गर्न जटिल हुने बताए । 'अतिजटिल पुल, सुरुङ या ट्र्याकमा अन्तर्राष्ट्रिय कन्सल्टेन्ट चाहिन्छ,' उनले भने, 'त्यसमा मात्र ९० को इभालुएसन राख्नुस् ।' यस्तै, राईले अख्तियार ऐन संशोधन विधेयक पास गर्न ढिलो भइसकेको बताए । २०७६ सालमै आएको विधेयक यतिका समय हुँदा पनि पास नभएको भन्दै चाँडो पास गर्न अनुरोध गरे ।

## ५ वर्षदेखि...

त्यसबेला नेकपाका तत्कालीन प्रवक्ता नारायणकाजी श्रेष्ठले अख्तियारलाई 'अर्को सत्ता बनाउने गरी विधेयक आएको'भन्दै विरोध गरेका थिए । त्यसबेला सत्तामा रहेको नेकपा (माओवादी-एमाले)ले सहमतिमै विधेयक रोकेका थिए ।

त्यसबेला अख्तियारलाई संविधानले दिएको भन्दा बढी अधिकार दिन खोजिएको र यो भोलिका दिनमा विधेयक आत्मघाती हुने निष्कर्ष निकाल्दै संविधानअनुकूल हुने गरी विधेयक सच्याएर मात्र छलफल गर्ने निर्णय गर्दै नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङलाई अख्तियारसम्बन्धी विधेयक रोक्न निर्देशन दिएका थिए ।

त्यसपछि करिब साढे २ वर्षसम्म निष्क्रिय अवस्थामा रहेको उक्त विधेयक २०७९ मा प्रचण्ड प्रधानमन्त्री भएका बेला राष्ट्रियसभाबाट पारित गरेर प्रतिनिधिसभामा पठाइएको थियो । तर, निजी क्षेत्रको विरोधका कारण प्रतिनिधिसभामा आएर उक्त विधेयक रोकिएको छ । विधेयक राष्ट्रिसभाबाट पारित हुनासाथ अख्तियारको अनुसन्धान क्षेत्राधिकारमा निजी क्षेत्रलाई पनि राख्न लागिएको भन्दै निजी क्षेत्रका ३ वटा छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले विरोध जनाएका थिए ।

विधेयकको दफा २ को परिभाषामा 'प्रचलित कानुनबमोजिम स्थापित कम्पनी, प्रतिष्ठान, बैंक, मेडिकल कलेज र सोसँग सम्बन्धित अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै संगठित संस्था' उल्लेख छ । उक्त वाक्यले निजी क्षेत्र अख्तियारको अनुसन्धान अधिकार क्षेत्रमा पर्ने र निजी क्षेत्र निरुत्साहित हुने तर्क उनीहरूले गर्दै आएका छन् ।

## हिउँदे अधिवेशनमै टेबल हुनेमा आशंका

सोमबार बसेको समितिको बैठकमा गृहमन्त्री रमेश लेखकले अख्तियारसम्बन्धी विधेयक सरकारको प्राथमिकता रहेको बताएका थिए । बैठकमा उपस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख प्रेमकुमार राईले पनि अख्तियार ऐन संशोधन विधेयक पास गर्नमा ढिलो भएको बताउँदै भनेका थिए, '२०७६ सालमै आएको विधेयक हो यो, अब धेरै नै ढिलो भइसकेको छ । शीघ्र पारित गरिदिनुहुन अनुरोध गर्दछु ।'

गृहमन्त्री लेखकले पनि उक्त विधेयकलाई समितिले पनि प्राथमिकता देओस् भन्दै आगामी अधिवेशनमा प्रतिनिधिसभामा पेस हुने वातावरणका लागि आग्रह गरेका थिए । तर, गृहमन्त्री लेखकले भने जस्तै विधेयकमाथि छलफल गरेर सभामा पठाइहाल्न त्यति सहज भने छैन । अहिले राज्य व्यवस्था समितिमा मात्र ४ वटा विधेयक अड्किएर बसेका छन् । संसद्को हिउँदे अधिवेशन सुरु हुनासाथ समितिले छलफल गरेर विधेयकलाई टुंगोमा पुर्‍याउने अवस्था पनि छैन । चाडबाड र दलहरूको आन्तरिक कारणले गर्दा पनि समितिको बैठक बस्न सकिरहेको छैन ।

संसद्मा भएका ४ वटा विधेयकमा अख्तियारसम्बन्धी विधेयकलाई नै पहिलो प्राथमिकता दिने वा अन्य विधेयकमाथिको छलफललाई पनि सँगसँगै लैजाने भन्ने विषय पनि टुंग्याउन बाँकी नै छ । राज्य व्यवस्था तथा सुशासन समितिमा हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक २०७७, निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक २०७७ र संघीय निजामती सेवा विधेयक २०८० छन् । कर्मचारीहरूले संघीय निजामती सेवासम्बन्धी विधेयकलाई चाँडोभन्दा चाँडो टुंग्याउन सरकारलाई दबाब दिँदै आएका कारण पनि सरकारको पहिलो प्राथमिकता यसैमा हुने देखिएको छ ।

अख्तियार प्रमुख र गृहमन्त्रीको चासोलाई सम्बोधन गर्न अख्तियारसम्बन्धी विधेयक र भ्रष्टाचार निवारणसम्बधी विधेयलाई समानान्तर रूपमा अघि बढाउनुपर्ने हुन्छ । त्यस्तै, यी २ विधेयकबाहेक पनि विभिन्न समितिमा थप १३ वटा विधेयक अड्किएका छन् । यसका साथै प्रतिनिधिसभामा संवैधानिक परिषद्सम्बन्धी विधेयक पनि रोकिएको अवस्थामा छ ।

ती १६ वटा विधेयकको प्राथमिकताका आधारमा हेर्ने हो भने पनि अख्तियारसम्बन्धी विधेयक हिँउदे अधिवेशनको अवधिभित्र संसद्मा टेबुल हुने सम्भावना न्यून छ । धितोपत्रसम्बन्धी (पहिलो संशोधन) विधेयक-२०८१, शिक्षा विधेयक-२०८० तथा संवैधानिक परिषद्सम्बन्धी विधेयक पनि चाँडोभन्दा चाँडो टेबल गर्नुपर्ने बाध्यता सरकारलाई छ । यसले गर्दा पनि अख्तियारसम्बन्धी विधेयक हिउँदे अधिवेशनको प्राथमिकतामा पर्ने सम्भावना अत्यन्तै कम छ ।

संसद्को आगामी हिउँदे अधिवेशनमा बिजनेस अभाव नहोस् भन्नका लागि केही दिनअघि सभामखु देवराज घिमिरेले दलका प्रमुख सचेतक र विभिन्न समितिका सभापतिलाई बोलाएर छलफल गरेका थिए । सोमबारको बैठकमा धारणा राख्दै नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडुले निजी क्षेत्रमा अख्तियारको प्रवेशको विषयमा धारणा राखे । उनले निजी क्षेत्रमा अख्तियारलाई प्रवेश गराउँदा कार्यबोझ थपिने र नतिजा नआउने समस्या निम्तिने बताए । उनले भने, 'निजी क्षेत्रलाई पनि अख्तियार मातहतमा ल्याउने कुराले कार्यबोझ बढाउँछ । त्यसकारण निजी क्षेत्रमा प्रवेश गर्दा किन आवश्यक पर्‍यो, स्पष्टीकरण चाहिन्छ । निजी क्षेत्र आतंकित छ, निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ ।'

यस्तै, नेकपा एकीकृत समाजवादीका सांसद राजेन्द्र पाण्डेले छिटोभन्दा छिटो भ्रष्टाचार र अख्तियारसँग जोडिएका ऐन पास गरेर अघि बढ्नुको विकल्प नभएको बताए । देशमा उठेका ठुल्ठुला भ्रष्टाचार काण्डको छानबिन अख्तियार, सम्पत्ति शुद्धीकरण कसैले नगर्ने हो भने कसले गर्ने ? भन्ने गम्भीर प्रश्न उठेको भन्दै भ्रष्टाचार निवारणसम्बन्धी ऐन कानुन बनाउँदा त्यसबारे ध्यान दिनुपर्ने बताए ।

'हामीले पास गरेको कुरा अख्तियारले कार्यान्वयन गर्न सकिँदैन भन्यो भने हामीले छलफल गरेको कुरा काम लाग्दैन,' सांसद पाण्डेले भने, ' त्यसैले अख्तियार र भ्रष्टाचार दुवैलाई जोडेर छलफल गरियो भने उपलब्धिमूलक हुन सक्छ ।' उनले घूस लिने र दिने दुवै दोषी हुन् भन्ने कुरा सुनिँदै आएको भन्दै केही समयअघि एक जना सांसदले नो अब्जेक्सन लेटर बनाउँदा ५ हजार दिनुपरेको घटनालाई सामान्य रूपमा लिन नहुने बताए । 'त्यसकारण भ्रष्टाचार नियन्त्रण हुन सकेन,' उनले भने, 'के यसमा राज्य संयन्त्र फेल भएको हो ?'

यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सांसद बुद्धिमान तामाङले नेपालमा भ्रष्टाचार विरोधी हुँ भनेर उफ्रिनेहरू नै बढी भ्रष्टाचारी भएको बताए । 'नेपालमा भ्रष्टाचार विरोधी हुँ भनेर उफ्रिनेहरू नै बढी भ्रष्टाचारी भए । यसलाई कसरी न्यूनीकरण गर्ने ?,' उनले भने, 'समाजको सोच परिवर्तन गर्ने बेला आएको छ ।' तामाङले अहिले सरकारको रबैयासमेत ठिक नभएको बताए ।

यस्तै, नेकपा माओवादी केन्द्रका सांसद हितराज पाण्डेले सरकारले जनताले अनुभूति गर्ने काम गर्न नसकेको बताए । उनले अघिल्लो सरकारले अघि बढाएका भ्रष्टाचारका फाइल यो सरकारले अघि बढाउँछ भन्नेमा आफूलाई आशंका लागेको पनि बताए । उनले भने, 'सरकारी निकायले जनताले अनुभूति गर्ने गरेर काम गरेका छैनन् । भ्रष्टाचारको फाइल विगतको सरकारले अघि बढाउन खोजेको थियो, त्यो फाइल अख्तियारले अघि बढाउँछ भनेर आशंका जनतामा छ ।' यस्तै, जसपा नेपालका सांसद प्रकाश अधिकारीले भ्रष्टाचार गर्नै डराउने गरी ऐन नबनाए भ्रष्टाचार नरोकिने दाबी गरे । 'भ्रष्टाचार निवारण ऐन पहिला पनि थियो । तर, छिद्र प्रयोग भयो । त्यसकारण निर्मम भएर यो ऐन बन्नुपर्छ,' अधिकारीले भने ।

## १ सातामै...

बमको हल्लाले विमानको उडान तालिका प्रभावित हुनुका साथै करोडौँ रुपैयाँको नोक्सानी बेहोर्नुपरेको भारतीय विमान कम्पनीहरूले जनाएका छन् । जहाजमा बम राखेको अफवाह फैलाएर आतंक सिर्जना गर्नमा सामाजिक सञ्जालको प्रयोग गरिएको भन्दै भारत सरकारले सामाजिक सञ्जाल कम्पनीहरूलाई चेतावनी दिएको छ ।

सरकारले सामाजिक सञ्जालमा राखिएका धम्की, अफवाह र हवाई सुरक्षामा गम्भीर सुरक्षा चुनौती सिर्जना गर्ने खालका सामग्री नहटाए कडा कारबाही गर्ने चेतावनीसमेत दिइसकेको छ ।


फाँट : २

**काभ्रेपलाञ्चोक जिल्ला अदालतवाट जारी भएको हर्क बहादुर बुढाथोकीको नाति, रामजी बुढाथोकीको छोरा का.प.जि. धुलिखेल न.पा. वडा नं. ९ बस्ने वर्ष ३२ को सिताराम बुढाथोकीको नाउँमा जारी भएको २१ (एक्काईस) दिने सचना म्याद ।**

उप्रान्त वादी बृहत बहुउदेश्यीय सहकारी संस्था लि. र प्रतिवादी तपाँई भएको कर्जा असुली (लेनदेन) (०८०-cp-००२२/२६६) मुद्दामा मिति २०८०/१२/१३ को आदेशानुसार तपाई प्रतिवादीको नाउँमा यो सुचना म्याद प्रकाशित गरिएको छ । यो म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक २१ (एक्काईस) दिनभित्रमा प्रतिउत्तर पत्र कानुन बमोजिम आफ्नो लिखतको प्रमाण समेत लिई अदालत खुलेको समयमा यस अदालतमा हाजिर हुन आफै वा कानुन बमोजिम प्रतिनिधी पठाउनु । म्यादभित्र प्रतिउत्तर पत्र लिई आउनु नभए वारिस वा कानुन व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्धा फैसला हुने छ । ईति सम्बत २०८१ साल असार महिना ०९ गते रोज ६ शुभम...................... ।

**एन.एम.बि. सेक्यूरिटीज लिमिटेडको चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०७/१३**

यस एन.एम.बि. सेक्यूरिटीज लिमिटेडको मिति २०८१ साल आश्विन १६ गते बुधवार बसेको संचालक समितिको २९औं बैठकको निर्णयानुसार देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा कम्पनीको चौथो वार्षिक साधारण सभा बस्ने भएको हुदा कम्पनी ऐन २०६३ को दफा ६७ वमोजिम शेयरधनी महानुभावको जानकारी तथा उपस्थितिका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : बि.सं. २०८१ साल कार्तिक २७ गते मंगलवार (तदनुसार १२ नोभेम्बर २०२४)

समय : दिउसो ३:३० बजे ।

स्थान : एनएमबि भवन, एन.एम.बि. सेक्यूरिटीज लि. रजिष्ट्रार कार्यलय नक्साल-०१, काठमाण्डौं ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको अध्यक्षबाट पेश हुने आ.व. २०८०/०८१ को संचालक समितिको प्रतिवेदनमा छलफल गरी पारीत गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को नाफा, नोक्सान, हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने ।
३. आ.व. २०८१/०८२ का लागी लेखा परिक्षक नियुक्ति गर्ने र पारिश्रामिक निर्धारण गर्ने ।
४. विविध ।

अध्यक्षको आज्ञाले,
कम्पनी सचिव
एन.एम.बि. सेक्यूरिटीज लि.

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**सघन शहरी तथा भवन निर्माण आयोजना, डोटी**

**बोलपत्र रद्ध गरिएको सम्बन्धमा**

*सूचना प्रकाशन मिति : २०८१/०७/१३ (Oct. 29, 2024)*

यस आयोजनाबाट मिति २०८०/०१/२५ मा आह्वान भएको ठेक्का नं. PUDBC/DOTI/NCB/WORKS/28-079-/080 ( Project Name: Construction of Achham District Hospital Building in Mangalsen Municipality, Achham ) को बोलपत्र रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैलाइ जानकारीका लागि अनुरोध छ ।

**नि. आयोजना प्रमुख**

**Shivalaya Rural Municipality**
**Office of the Rural Municipal executive**
Sima, Jajarkot
Karnali Province, Nepal

**Invitation for online Bids**

**Bid Publication Date: 2081/07/13 B.S.**

| Project Title | IFB No. | Cost Of Bid Documents | Bid Security | Last Date Of Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|
| Excavation Of Chheda khola And Thala khola River Bed materials shivalaya Rural Municipality Jajarkot | SRM/NCB/ GOODS/ 2081/082-01 | Nrs. 3,000.00 | Nrs. 1,50,000.00 | 2081/08/13 (12:00 PM) | 2081/08/13 (14:00 PM) |

Note: For further details downloading tendar documents, please visit PPMO website www.bolpatra.gov.np or www.shibalayamun.gov.np and contact 9869213743 or shibalayamun@gmail.com.

**Chief Administrative Officer**

**Ramprasadrai Rural Municipality**
**Office of the Rural Municipal Executive**
Baikunthe, Bhojpur
Koshi Province, Nepal

**Invitation for Bids**

**Date of publication: 2081/07/13 (29 Nov 2024)**

1. Ramprasadrai Rural Municipality invites bids for following Works as given in table below:

| S. N. | Contract No. | Description of work | Estimated Amount Inclusive VAT (NPR) | Bid Security Amount (NPR) | Bid/Bid security Validity Period | Cost of Bid Document (NPR) | Last Date of Bid Submission | Last Date of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 02/ RPRRMUN /2081/082 | Pauna Ghar Tatha Shahid Park Nirman Baikunthe Nirantarta | 7,886,844.00 | 1,92,000.00 | 90/120 days | 3,000.00 | 2081/08/13 (28 Nov. 2024) 12:00 | 2081/08/13 (28 Nov. 2024) 13:00 | NCB/ Ebids |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ramprasadrai Rural Municipality, Office of Rural Municipal Office, Baikunthe, Bhojpur, Phone 9852073888 and web site: ramprasadraimun.gov.np, bolpatra.gov.np. and email: ramprasadrai.rm@gmail.com
3. Pre-bid meeting shall be held at Ramprasadrai Rural Municipality, Baikunthe, Bhojpur at 1:00 PM on 2081/07/03 (18 Nov 2024).
4. Bidder's Information to deposit the cost of bids document in bank: Name of Bank: NIC Asia Bank Ltd. , Baikunthe, Bhojpur, Name of Office : Ramprasadrai Rural Municipality Office, Bhojpur
Office A/C No.(GA 1.1 - Antarik Rajashwa Khata-Ramprasadrai Gaupalika) : 2152050028990002 (For Bid Document) Office A/c No.(GA 3 - Dharauti Khata A/C- Ramprasadrai Gaupalika) : L5CA052570252401 (For Bid Security) Office Code no: 1125208
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

***Chief Administrative Officer***

**देवताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिप्राढीगोठ, बारा**
**मधेश प्रदेश नेपाल**

**बोलपत्र स्वीकृत सम्बन्धि आशयको सूचना**

**प्रकाशित मिती:- २०८१/०७/१३**

देवताल गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालयले तपशिलको मितिमा आह्वान गरेको तपशिलको ठेक्काको लागि दर्ता हुन आएका तपशिल बमोजिमका बोलपत्रहरुको मुल्यांकन गर्दा यस कार्यालयको तपशिलको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकीत सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८० को उपनियम (६) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का न. | कार्यको विवरण | बोलपत्र आह्वान मिति | पेश भएका बोलपत्रहरुको संख्या | स्वीकृत बोलपत्र दाताको नाम तथा ठेगाना | निर्णय मिति | कबोल अंक रू |
|---|---|---|---|---|---|---|---|
| १ | DRM/NCB/W/ 10/081/082 | निशुल्क वितरणको लागि औषधि खरिद | २०८१\०६\१६ | ३ (तीन) | चुनचुन फार्मेसी, पोखरा | २०८१\०७\११ | ११,७१,६२१।९८ |

**प्रमुख प्रशासकीय अधिकृत**